# गोरखापत्र संस्थान

प्रकाशनहरू
गोरखापत्र (नेपाली दैनिक)
दि राइजिङ्ग नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना बाल पत्रिका (नेपाली मासिक)

धर्मपथ, काठमाडौं
नेपाल
पो.ब.नं. २३

पत्रसंख्या :- १५४०/०७७/७८

मिति २०७७/१२/११

श्री कृष्णमुरारी भण्डारीज्यू
श्री दुर्गाप्रसाद भण्डारीज्यू
श्री ध्रुवराज पण्डितज्यू
श्री कविताकुमारी अधिकारीज्यू
श्री राजुकुमार महतज्यू
श्री गोपाल खनालज्यू
श्री प्रशासन तथा योजना विभाग
श्री अर्थ विभाग
श्री वितरण विभाग
श्री व्यापार विभाग
श्री उत्पादन विभाग
श्री अनलाइन विभाग
श्री सूचना प्रविधि विभाग
श्री कर्मचारी प्रशासन शाखा
श्री खरिद शाखा
श्री प्रदेश स्तरीय प्रकाशन कार्यालय, विराटनगर ।
श्री प्रदेश स्तरीय प्रकाशन कार्यालय, कोहलपुर

**विषयः सञ्चालक समितिको निर्णय पठाईएको बारे ।**

यस संस्थानको सञ्चालक समितिको मिति २०७७/११/२६ गते बुधबार साँझ ५:०० बजे बसेको छैठौं बैठकमा भएको निर्णय नं. २२ देखि २७ सम्म संलग्न गरी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

सचिव
संचालक समिति

आज्ञाले
लोकबहादुर चौधरी
(सचिव)
सञ्चालक समिति

फोन २२३९०२, २४४४३७, २२२२७८, २४४४३८, २२६५२९, २२७४९३, २२२९२१, २२२२७९, २४४४३५, २२५७६९, २२०८३५, २२२२५२, २२०६९१, २२०६३८, २२६३८३,
फ्याक्स : २२४३८१, २२१७४८, २४४४२८

निर्णय नं. २२

गोरखापत्र संस्थान आ.व. २०७५/७६ को लेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपरको बुँदागत छलफल भई बुँदा नम्बर ३१ देखि ४७ सम्म सम्पन्न भयो । जवाफ तयार गर्दा छलफल भए अनुसारको यथार्थ अवस्था र सोमा सुधारको प्रयासलाई समेटी शुद्धाशुद्धिसहित परिमार्जन गरी तयार गर्न अर्थ विभागलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रतिवेदनको सबै बुँदामा छलफल सम्पन्न भएकाले सञ्चालक समितिको अर्को बैठकमा लेखा परीक्षकद्वारा औंल्याइएका कैफियतको जवाफलाई पूर्णता दिने निर्णय गरियो ।

निर्णय नं. २३

संस्थानका स्थायी र करार सेवामा कार्यरत पत्रिका वितरकलाई वितरण बन्दोबस्ती सामानहरु (साईकल, ज्याकेट, पन्जा) खरिद गर्न वार्षिक एकमुष्ट रु. ५,६००।- (पाँच हजार छ सय रुपियाँ मात्र) उपलब्ध गराइँदै आएकोमा सोही सरहको सुविधा रु. ५,६००।- (पाँच हजार छ सय रुपियाँ मात्र) दैनिक ज्यालादारीमा काम गर्ने वितरकलाई समेत उपलब्ध गराउँदा वितरकको मनोबल उच्च भई कार्य सम्पादनमा समेत सकारात्मक प्रभाव पर्ने देखिएकाले एक वर्ष निरन्तर संस्थानको सेवा गरेका राष्ट्रिय संस्करण वितरण गर्ने दैनिक ज्यालादारीमा कार्यरत देहायका वितरकहरु (१) डोरप्रसाद फुयाल, २) रामहरि खनाल, ३) रामप्रसाद घिमिरे, ४) दिनेश सुनुवार, ५) शुकदेव स्याङताङ, ६) खडानन्द चौधरी, ७) पवन आचार्य, ८) रामबहादुर मगर, ९) ओमभक्त महर्जन, १०) मणिराम पौडेल, ११) भुपक अधिकारी, १२) असविर लामा, १३) सुमन खनाल, १४) तेजराम घलान, १५) रामचन्द्र शिवाकोटी, १६) उत्तम रिमाल, १७) सुमन पाण्डे, १८) दिलिपकुमार भट्टराई, १९) रोहित शर्मा । विराटनगर संस्करण वितरण गर्ने १) प्रमोदकुमार मेहतर, २) दिपेन्द्र चौधरी, ३) कपिलदेव चौधरी, ४) रामकुमार राजवंशी, ५) अर्पणकुमार चौधरी, ६) मो. रियाज आलम, ७) ज्ञानप्रकाश मिश्र, ८) रुपकलाल राजवंशी, ९) किशोर राजवंशी र १०) शान्तिराम दाहाल) गरी कुल जम्मा ८० जना वितरकलाई यस आर्थिक वर्षको लागि माथि उल्लेखित रु. ५,६००।- बरावरको वितरण बन्दोबस्तीको सामानहरु उपलब्ध गराउने । आ.व. २०७७/७८ को स्वीकृत बजेट तथा कार्यक्रममा बन्दोबस्ती खर्च शीर्षकमा रु. २,५०,०००।- (दुई लाख पचास हजार रुपियाँ मात्र) विनियोजन भएको गोरखापत्र संस्थान आर्थिक विनियमावली २०६५ को परिच्छेद २ को २.६ (२) बमोजिम आ.व. २०७७/७८ कै विक्री वितरण प्रवर्द्धन खर्च शीर्षक रु. ३,०००००।- (तीन लाख रुपियाँ मात्र) मध्येबाट नपुग रकम रु. २,५४,०००।- (दुई लाख चवन्न हजार रुपियाँ मात्र) रकमान्तर गर्न व्यवस्थापनले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

सचिव सञ्चालक समिति

निर्णय नं. २४

संस्थानद्वारा प्रकाशित पत्रिका काठमाडौं-हेटौंडा-वीरगन्ज, काठमाडौं-पोखरा, मुग्लीन-चितवन र चितवन-बुटवल रुटमा ढुवानी गर्दै आइरहेको *कुँडार ढुवानी सेवाले* विश्वव्यापी कोरोना भाइरस महामारीको कारण देखाई २०७७ साउन १५ गतेदेखि सेवा प्रवाह गर्न नसक्ने पत्रमार्फत जानकारी गराएको । उक्त विशेष परस्थितिमा पत्रिका ढुवानी सेवा खरिद कार्यको ठेक्का स्वीकृत भइनसकेको अवस्थामा ढुवानी कार्य सुचारु गर्नुपर्ने भएकाले कुँडार ढुवानी सेवाले सेवा दिएकै दररेटमा प्रति महिना ३,३०,०००।- (तीन लाख तीस हजार रुपियाँ मात्र) मुअकर बाहेकमा ढुवानी सेवा उपलब्ध गराउन अमिगोस सप्लायर्स प्रा.लि. (पान नं. ६०९७३३९०९) ले निवेदन मार्फत इच्छा व्यक्त गरेकाले २०७७ साउन १६ देखि मंसिर मसान्तसम्म सो प्रा.लि.लाई ढुवानीको जिम्मेवारी दिने व्यवस्थापनको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो । आइन्दा प्रचलित कानुनको प्रक्रिया पुऱ्याई खरिद कार्य गर्न हुन समेत व्यवस्थापनलाई निर्देशन गरियो ।

निर्णय नं. २५

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (प्रेस तथा सूचना समन्वय शाखा) सिंहदरवार काठमाडौंको च.नं. प्रेस २२/११४ मिति २०७७ असोज २२ को प्राप्त पत्रअनुसार १४६ औं हुलाक दिवसको अवसरमा सम्माननीय प्रधानमन्त्री एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री केपी शर्मा ओलीज्यू र सचिव हरिप्रसाद बस्यालज्यूले दिनुभएको शुभकामना सन्देश प्रकाशन गर्ने सम्बन्धमा नेपाल सरकार (सचिव स्तरीय) निर्णयअनुसार निःशुल्क प्रकाशन गर्न अनुरोध भइआएको । सूचना तथा सञ्चार प्रविधि मन्त्रालय संस्थानको तालुक/विभागीय मन्त्रालय पनि भएकाले संस्थानको विज्ञापन संकलन, प्रकाशन एवम् विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०५३ (मारिमार्जन सहित संशोधित निर्देशिका २०६७) को दफा १९ बमोजिम व्यवस्थापनको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (महिला सशक्तिकरण महाशाखा) को मिति २०७७ भदौ १७ गतेको च.नं. २५ को पत्रमार्फत २०७७ भदौ २० गते मनाइने मानव बेच विखन तथा ओसार पसार विरुद्धको राष्ट्रिय दिवसको अवसरमा माननीय मन्त्री पार्वत गुरुङ र सचिव यामकुमारी खतिवडाको सन्देश रु. १,०००००।- (एक लाख रुपियाँ मात्र) भ्याटसहितमा प्रकाशन गर्न अनुरोधपत्र प्राप्त भएको । सो दर रेटमा प्रकाशन गर्दा ६४.५४ प्रतिशत छुट दिनुपर्ने भएकाले संस्थानको विज्ञापन संकलन, प्रकाशन एवम् विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०५३ (परिमार्जनसहित संशोधित निर्देशिका २०६७) को बुँदा १० (२) बमोजिम प्रकाशन गर्ने व्यवस्थापनको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

गोरखापत्र संस्थान सञ्चालक समितिको मिति २०७० असार ८ गते बसेको बैठकको बैठक नं. २७ को निर्णय नं. ११० अनुसार सञ्चालक समितिका पूर्व अध्यक्षहरु, कार्यकारी अध्यक्षहरु, महाप्रबन्धकहरु, सञ्चालक समितिका सदस्यहरु र संस्थानमा २० वर्ष सेवा अवधि पूरागरी संस्थानबाट अवकाश भई गएका व्यक्तिको निधन भएको आधिकारिक जानकारी परिवारका सदस्यबाट प्राप्त भएमा संस्थानको तर्फबाट ३ x १० से.मी. मा निःशुल्क समवेदना विज्ञापन प्रकाशन गर्ने प्रावधान रहेको । तर सो साईजमा समवेदना प्रकाशन गर्दा तस्विर तथा अन्य सामग्री प्रष्टरुपमा नदेखिने हुँदा आकार बढाई ३ x २० से.मी. साईजमा प्रकाशन गर्दा तस्विर तथा अन्य सामग्री प्रष्टसँग देखिने । अन्य संघ संस्था वा व्यक्तिबाट सोही साईजमा विज्ञापन प्राप्त हुन गई संस्थानलाई थप आम्दानी हुनसक्ने सम्भावनालाई समेत मध्येनजर गरी राष्ट्रकवि तथा संस्थानका पूर्व सम्पादक माधवप्रसाद घिमिरेको स्वर्गारोहण भएको १३ दिनको पुण्यतीथिमा मिति २०७७ भाद्र १४ गते सोही साईज ३ x २० से.मी.मा निःशुल्क समवेदना विज्ञापन प्रकाशन गर्न संस्थानको विज्ञापन संकलन, प्रकाशन एवम् विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०५३ (परिमार्जनसहित संशोधित निर्देशिका २०६७) को बुँदा नं. १८ (क) अनुसार व्यवस्थापनको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।